# भिमाद नगरपालिका

## नगरसभाको चौंधौ अधिवेशनमा

## नगर उप प्रमुख एवम्

## बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

## श्री शारदा खनालबाट प्रस्तुत

## आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य

भिमाद नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०८० साल असार १० गते आइतबार

भिमाद नगरपालिका नगरसभाको चौंधौ अधिवेशनमा

नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

श्री शारदा खनालबाट प्रस्तुत

भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्य

नगरसभाका श्रद्धेय अध्यक्षज्यू

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारी तथा उपस्थित महानुभावहरु

१. भिमाद नगरपालिकाको गरिमामय नगर सभाको चौंधौ अधिवेशनमा नगर उप प्रमुखको रुपमा आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उभिएकी छु । यस अवसरमा मुलुकको सार्वभौमिकता, अखण्डता, राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना एवम् स्थानीय स्वायत्त सरकार गठन गर्नका लागि जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु साथै विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. यस अधिवेशनबाट आगामी आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सो अनुरूप बजेट तथा कार्यक्रम तयार गरी सोको प्रभावकारी कार्यान्वयन मार्फत सार्वभौम जनताको चाहना र आवश्यकता सम्बोधन गर्न सकिन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै नगरपालिकाको समग्र विकास र समृद्धिको यात्रालाई मूर्त रूप दिने उद्देश्य राखी यो बजेट प्रस्तुत गरेको छु ।

३. चालू आर्थिक वर्ष २०७९।०८० मा राष्ट्रिय रूपमा अर्थतन्त्रमा देखिएको मन्दीको कारण समानीकरण अनुदानमा कटौती, राजश्व बाँडफाँडबाट प्राप्त हुन आउने रकममा भएको कमी तथा आन्तरिक राजश्व अपेक्षाकृत रूपमा उठ्न नसक्दा वार्षिक कार्यक्रम कार्यान्वयनमा चुनौतीको सामना गर्नुपर्यो ।

   आगामी आर्थिक वर्षको बजेट देशको समग्र अर्थतन्त्रमा देखापरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित हुनुपर्दछ भन्नेमा म सजग छु । यस अवस्थामा कृषि क्षेत्रको व्यवसायीकरण एवम् आधुनिकीकरण मार्फत स्व:रोजगारको सिर्जना गर्ने, गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति दिने, दिगो विकासको अवधारणा अनुरूप पूर्वाधार विकास गर्ने, सेवा प्रवाहलाई सहज एवम् गुणस्तरीय बनाई सुशासनको प्रत्याभूति दिलाउने गरी बजेट तर्जुमा गरेको छु।

४. बजेट तर्जुमा गर्दा मैले नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय तथा प्रदेश सरकारका वार्षिक नीति, बजेट तथा कार्यक्रम र दिगो विकासका

लक्ष्यहरूलाई प्राथमिकतामा राख्दै "शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा विस्तारः पूर्वाधार विकास समृद्द भिमादको आधार" भन्ने यस नगरपालिकाको मूल नारालाई आधारको रूपमा लिएको छु ।

५. बजेट तर्जुमा गर्दा भिमाद नगरपालिकाको यस गरिमामय सभाबाट स्वीकृत आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, सभामा प्राप्त सुझावहरु, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमा भित्र रही वडास्तरबाट पहिचान र प्राथमिकीकरण गरिएका विषयहरु, विषयगत समितिमा भएको छलफल तथा विद्वत बर्गहरु लगायत सबैबाट प्राप्त रचनात्मक सुझावलाई समेत ध्यान दिएको छु।

सभाध्यक्ष महोदय,

अब म चालू आर्थिक वर्ष २०७९।०८० को हालसम्मको कुल आम्दानी र खर्चको स्थितिलाई संक्षेपमा प्रस्तुत गर्दछु ।

(क) आय तर्फ

६. चालू आर्थिक वर्ष २०७९/०८० मा संघीय सरकारबाट समानीकरण अनुदान रु. १२ करोड ८१ लाख, सशर्त अनुदानको चालूतर्फ रु. २८ करोड १० लाख ८६ हजार तथा पुँजीगततर्फ रु. ३ करोड ८ लाख, विशेष अनुदान रु. १ करोड २० लाख र समपूरक अनुदान रू. १ करोड ३० लाख गरी कुल रु. ४६ करोड ४९ लाख ८६ हजारको बजेट सीमा प्राप्त भएकोमा हालसम्म रु. ४२ करोड ९८ लाख ८९ हजार ९ सय ७१ मात्र आय भएको छ ।

७. गण्डकी प्रदेश सरकारबाट चालू आर्थिक वर्षको लागि समानीकरण अनुदान रु. १ करोड ४६ लाख ६३ हजार, विशेष अनुदान पुँजीगततर्फ रु. ५० लाख र समपूरक अनुदान रु. १ करोड गरी कूल रु. २ करोड ९६ लाख ६३ हजारको सीमा प्राप्त भएकोमा हालसम्म कूल रु. २ करोड ३ लाख ३० हजार ३ सय ७५ मात्र आम्दानी भएको छ।

८. राजश्व बाँडफाँड तर्फ रु. १२ करोड ९० लाख ७८ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रु. ७ करोड ८ लाख ६८ हजार ९८ मात्र आम्दानी भएको छ।

९. आन्तरिक आय तर्फ नगद मौज्दात सहित रु. ७ करोड ७० लाख ७५ हजार आम्दानी हुने अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ७ करोड ६९ लाख ९३ हजार ३ सय १ आम्दानी भएको छ।

यसरी यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को कुल अनुमानित आय रु. ७० करोड ८ लाख २ हजार रहेकोमा २०८० असार ९ गतेसम्म कुल रु. ५९ करोड ८० लाख ८१ हजार ७ सय ४५ अर्थात लक्ष्यको ८५ प्रतिशत मात्र वास्तविक आय भएको छ।

(ख) व्यय तर्फ

१०. चालू आर्थिक वर्ष २०७९।०८० को हालसम्मको अवधिमा कुल बजेट रु. ७० करोड ८ लाख २ हजार मध्ये रु. ५० करोड ९५ लाख ८१ हजार ६ सय ८३ खर्च भई कूल वित्तीय प्रगति ७३ प्रतिशत हासिल भएको छ, जसमध्ये पुँजीगत तर्फ ६२ प्रतिशत र चालूतर्फ ८० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । चालू आर्थिक वर्षको अन्तसम्म पुँजीगत खर्च ७१ प्रतिशत, चालू खर्च ९० प्रतिशत गरी कूल ८० प्रतिशत भन्दा माथि वित्तीय प्रगति हासिल हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

११. अव म आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

बजेटका उद्देश्यहरु निम्नानुसार छन्ः

(क) आधारभूत स्वास्थ्य सेवामा गुणस्तरीय एवम् सहज पहुँच सुनिश्चित गर्ने,

(ख) गुणस्तरीय विद्यालय शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने,

(ग) दिगो, गुणस्तरीय एवम् प्रतिफलदायी भौतिक पूर्वाधार निर्माण तथा सम्भार गर्ने,

(घ) कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण, सामुहिकीकरण र बजारीकरणमा सहयोग गर्ने,

(ङ) पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण, प्रबर्धन र पूर्वाधार विकास मार्फत पर्यटन क्षेत्रको विकास गर्ने,

(च) आर्थिक एवम् सामाजिक रूपमा पछि परेका वर्ग र समुदायको सशक्तिकरण गर्ने,

(छ) गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच उपलब्ध गराई सुशासनको प्रत्याभूति गराउने ।

१२. बजेटका उद्देश्यहरु पूरा गर्न देहाय अनुसार क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छुः

(क) आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच एवम् गुणस्तर अभिवृद्धि,

(ख) शिक्षण संस्थाको पूर्वाधार विकास, प्रविधिमैत्री सिकाइ एवम् क्षमता अभिवृद्धि मार्फत गुणस्तरीय शिक्षामा समतामूलक पहुँच विस्तार,

(ग) दिगो एवम् गुणस्तरीय भौतिक पूर्वाधार निर्माण तथा सम्भार,

(घ) कृषि तथा पशुपालन क्षेत्रको यान्त्रिकीकरण, आधुनिकीकरण, व्यवसायीकरण एवम् बजारीकरण,

(ङ) पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण, प्रबर्धन र पूर्वाधार विकास,

(च) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा सदुपयोग,

(छ) सन्तुलित, समन्यायिक, समावेशी एवम् समानुपातिक विकासका लागि आर्थिक एवम् सामाजिक रूपमा पछि परेका वर्ग र समुदायको सशक्तिकरण,

(ज) सार्वजनिक सेवाको सहज पहुँच, सेवा प्रवाहमा सुधार, पारदर्शिता एवम् उत्तरदायित्व अभिवृद्धि मार्फत सुशासनको प्रत्याभूति ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सर्वप्रथम म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र यस नगरपालिकाको आन्तरिक स्रोत गरी कुल रु. ३१ करोड ७९ लाख ५६ हजार ८ सय ७० को बजेट विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक विकास

१३. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी उत्पादकत्व वृद्धि गर्नका लागि उन्नत बीउ उत्पादन र वितरण, आधुनिक मेशिनरी औजार वितरण, आलु र अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम लगायत कृषि क्षेत्रका विभिन्न कार्यक्रममा अनुदानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४. आर्थिक वर्ष २०७९/०८० मा स्थापना भएका सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रमलाई निरन्तरता दिनुका साथै नयाँ पकेट क्षेत्र विकास गर्नका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छु ।

१५. प्लाष्टिक पोखरी निर्माण, बाँझो जमिनमा कृषि उत्पादनका लागि प्रोत्साहन, आकस्मिक बाली संरक्षण तथा प्लान्ट क्लिनिक शिविर, फलफूल विरूवा वितरण, क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन मार्फत कृषि क्षेत्रलाई आय आर्जनको मुख्य आधारको रूपमा विकास गरी टेवा पुऱ्याउन बजेटको व्यवस्था मिलाएको छु।

१६. कृषि क्षेत्रमा वडास्तरका कार्यक्रम सहित कार्यक्रम सञ्चालनका लागि रू. ८२ लाख बजेट विनियोजन गरेको छु।

१७. पशु आहारा विकास कार्यक्रम अन्तरगत घाँसका बिउ तथा बेर्ना उत्पादन नर्सरी स्थापना, हिँउदे, वर्षे, बहुवर्षिय र डाले घाँसका विउ तथा विरुवाहरु अनुदानमा वितरण गर्न बजेटको व्यस्था गरेको छु ।

१८. पशु विकास कार्यक्रम अन्तरगत विभिन्न पकेट फलोअप कार्यक्रम र खरी बाख्रा संरक्षण एवम् प्रवर्द्धन, मत्स्य पालन कार्यक्रम अन्तरगत माछाको पकेट स्थापना कार्यक्रम, पशु नश्ल सुधार कार्यक्रम एवम् पशुपालन सम्बन्धमा क्षमता विकास तथा जनचेना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नका लागि बजेटको व्यवस्था गरेको छु ।

१९. पशु स्वास्थ्य कार्यक्रम अन्तरगत औषधी वितरण, पशु खोप कार्यक्रम, पशु स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै मासुपसल तथा डेरी सपोर्ट कार्यक्रम सञ्चालन गरी बजार प्रर्वद्धनमा टेवा पुऱ्याउन बजेटको व्यवस्था मिलाएको छु ।

२०. पशुपन्छी विकास कार्यक्रमका लागि रू. ३९ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२१. पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण, प्रबर्धन र पूर्वाधार विकास गर्न पर्यटन क्षेत्रका कार्यक्रमका लागि वडास्तरको कार्यक्रम सहित रु. १९ लाख ५० हजार विनियोजन गरेको छु ।

२२. जलश्रोत तथा सिंचाई क्षेत्रतर्फ विभिन्न वडा मार्फत सिफारिस भै आएका बाँध एवम् कुलो निर्माण र मर्मत गरी सिंचाई सुविधाको स्तर उन्नति गर्नका लागि रू. ६५ लाख बजेट विनियोजन गरिएको छ ।

२३. आर्थिक विकास क्षेत्रका लागि कुल रु. २ करोड १३ लाख ३० हजार विनियोजन गरेको छु ।

सामाजिक विकास

२४. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको मौलिक हक सुनिश्चित गर्न निःशुल्क वितरण हुँदै आएका औषधी सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाइने छ । औषधीको मूल्य र गुणस्तरको नियमित अनुगमन गरिने छ ।

२५. आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार, न्यानो झोला, नवजात शिशुको निःशुल्क उपचार, निःशुल्क पाठेघरको मुखको क्यान्सर जाँच, विभिन्न स्वास्थ्य शिविर सञ्चालन

(दाँत मुख आँखा) प्रयोगशाला सेवा मार्फत मृगौला, दीर्घ रोगको औषधी वितरण लगायतका कार्यक्रम सञ्चालन गरी स्वास्थ्य क्षेत्रमा सुधार गर्न बजेटको व्यवस्था मिलाएको छु ।

२६. गर्भवती/सुत्केरी तथा जेष्ठ नागरिक सँग उपमेयर कार्यक्रम, घुम्ती स्वास्थ्य परीक्षण, निःशुल्क स्वास्थ्य शिविर जस्ता कार्यक्रम मार्फत विपन्न समुदाय, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न बजेटको व्यवस्था मिलाइएको छ।

२७. आयुर्वेद तथा बैकल्पिक चिकित्सालाई समय सापेक्ष बनाई सेवाग्राहीहरुको पहुँचमा पुऱ्याउन नागरिक आरोग्य सेवा क्लिनिक सञ्चालन, निःशुल्क आयुर्वेद तथा योग शिविर, स्वस्थ जीवन शैली प्रवर्द्धन कलगायतका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

२८. स्वास्थ्य क्षेत्रको समग्र सुधारका लागि रू. ७९ लाख ३० हजार बजेट विनियोजन गरेको छु।

२९. गुणस्तरीय विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न तयार गरिएको नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले लिएका प्राथमिकता अनुसारका कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।

३०. विद्यालयको भौतिक एवम् शैक्षिक सुधारमा केन्द्रित रही सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न आर्थिक वर्ष २०७८/०७९ देखि शुरू गरिएको नगर प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिँदै यस कार्यक्रमको बजेट वृद्धि गरी रू. ५६ लाख पुऱ्याएको छु । यस कार्यक्रमबाट विद्यालयको भौतिक निर्माण, सुधार, शैक्षिक सामग्री व्यवस्थापन, आधारभूत विद्यालयमा युरोगार्ड तथा विद्युतीय हाजिरी व्यवस्थापन जस्ता क्रियाकलापहरू सञ्चालन गरिने छ ।

३१. शिक्षकको दरवन्दी मिलान र व्यवस्थापन गरी शिक्षकहरूको न्यायोचित वितरणको व्यवस्था मिलाइने छ । न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा नगर तर्फबाट सिर्जना गरिएका शिक्षक दरवन्दी एवम् बालविकास सहजकर्तालाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३२. शिक्षक प्रसुती विदामा वस्दा विद्यार्थी सिकाइको व्यवस्थापनमा पर्न सक्ने कठिनाईलाई सम्बोधन गर्न न्यूनतम दरवन्दी वा सो भन्दा कम दरवन्दी भएका विद्यालयमा शिक्षक सुत्केरी हुँदा तीन महिनाका लागि स्वयम् सेवक शिक्षक व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३३. अपांगता भएका बालबालिकाहरूको सिकाइमा पहुँच बढाउन तथा उनीहरूको सामाजिकीकरणमा सहयोग गर्न दिवा स्याहार केन्द्र सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको छ ।

३४. विद्यालयहरूको भौतिक विकासमा विनियोजन गरेको रकम समेत गरी शिक्षा क्षेत्रका लागि जम्मा रू. २ करोड ४ लाख ४६ हजार ८ सय ७० बजेट विनियोजन गरेको छु ।

३५. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप खेलकूद प्रतियोगितालाई निरन्तरता दिनुका साथै विविध खेलकुद कार्यक्रम सञ्चालन गर्न रू. १८ लाख बजेट विनियोजन गरेको छु । वडास्तरबाट सञ्चालन हुने कार्यक्रम समेत गरी युवा तथा खेलकुद कार्यक्रमका लागि रू. ३७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

३६. विपन्न, दलित, आदिवासी जनजाति, एकल महिला, मुस्लिम एवम् अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति लगायत बञ्चितीकरणमा परेका समुदायको आय आर्जन, क्षमता विकास र सशक्तिकरणका विभिन्न कार्यक्रम सञ्चालन गरी लैंगिक समानता र सामाजिक समावेशीकरणमा टेवा पुऱ्याउन रू. ३० लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

३७. परम्परागत पेशा व्यवसाय र सांस्कृतिक नृत्य एवम् साहित्यको संरक्षण एवम् प्रवर्धनका विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि बजेटको व्यवस्था मिलाएको छु । भाषा तथा संस्कृति क्षेत्रको संरक्षण तथा सम्बर्द्धनका लागि रु. १४ लाख ५० हजार विनियोजन गरेको छु ।

३८. खानेपानी तथा सरसफाई क्षेत्रमा विभिन्न खानेपानी योजना निर्माण, स्तर उन्नति र मर्मत सम्भारका कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरीय पिउनेपानीको सहज पहुँच उपलब्ध गराउने कार्यमा टेवा पुऱ्याउन रु. १ करोड २१ लाख ५० हजार विनियोजन गरेको छु।

३९. सामाजिक विकासतर्फ कुल रु. ५ करोड २ लाख २६ हजार ८ सय ७० बजेट विनियोजन गरेको छु ।

पूर्वाधार विकास

४०. तनहुँ प्राविधिक शिक्षालयदेखि देउराली सडक कालोपत्रेको लागि रू. २५ लाख, सिद्धगुफा मोटरमार्ग स्तरोन्नतिको लागि २० लाख, उत्तर दक्षिण मोटरमार्ग निर्माण तथा मर्मत सम्भारका लागि रू. २० लाख लगायत नगर गौरवका विभिन्न योजनाहरु कार्यान्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४१. नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि रू. १ करोड ५५ लाख छुट्याएको छु साथै लागत सहभागितामा सञ्चालन गरिने पूर्वाधार योजनाका लागि रू. १ करोड, संघ र प्रदेश सरकारबाट स्वीकृत समपूरक अनुदान तर्फका योजनाहरू सञ्चालन गर्नका लागि रू. १ करोड ३५ लाख बजेट व्यवस्था गरेको छु ।

४२. क्षेत्रफल, जनसंख्या, राजश्वको संकलनको अवस्था र विगत तीन वर्षको बजेट खर्चको प्रगतिका आधारमा हरेक वडाको समानुपातिक विकासका निम्ति सम्बन्धित वडास्तरबाट प्रस्ताव भई आएका कार्यक्रम कार्यान्वयन हुने गरी जम्मा रू. ८ करोड ५८ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

४३. रोजगारी सिर्जना गरी आय आर्जनमा टेवा पुऱ्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गराउनका लागि आवश्यक प्रबन्ध मिलाएको छु ।

४४. पूर्वाधार विकास क्षेत्रतर्फ यातायात पूर्वाधारमा रु. ९ करोड ७५ लाख र भवन, आवास तथा सहरी विकासमा रु. २ करोड ७६ लाख ५० हजार गरी कूल रु. १२ करोड ५१ लाख ५० हजार विनियोजन गरेको छु ।

सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र

४५. विपद्जन्य जोखिमको व्यवस्थापन गर्न विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिने छ । विपत्ति परेको अवस्थामा उद्धार, राहत एवम् पुनर्स्थापना कार्यका लागि सहयोग गर्न स्थापना गरिएको मौजुदा विपद व्यवस्थापन कोषमा रू. ३५ लाख बजेट व्यवस्था गरेको छु।

४६. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रका लागि कुल रु. १ करोड २३ लाख २० हजार विनियोजन गरेको छु ।

४७. कर्मचारीको तलव भत्ता, क्षमता विकास, नगरको संस्थागत विकास गरी सुदृढ प्रशासन कायम गर्न कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि चालू तथा पूंजीगत तर्फ गरी कुल रु. १० करोड ८९ लाख ३० हजार विनियोजन गरिएको छ ।

४८. संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रम बाहेक कुल रु. ३१ करोड ७९ लाख ५६ हजार खर्च हुने अनुमान गरिएको छ । यस मध्ये चालू तर्फ रु.१४ करोड ९६ लाख ५६ हजार ८ सय ७० अर्थात ४७ प्रतिशत र पूंजीगत तर्फ रु. १६ करोड ८३ लाख अर्थात ५३ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म संघीय सरकारको सशर्त, विशेष र समपुरक अनुदानका रूपमा प्राप्त बजेट रू. ३० करोड ७० लाखबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको खर्च अनुमान प्रस्तुत गर्न चाहन्छु ।

४९. आर्थिक विकास क्षेत्र अन्तरगत कृषि क्षेत्रमा रु. ९७ लाख, पशुपन्छी विकासमा रु. १४ लाख र उद्योगमा रु. १३ लाख गरी कुल रु. १ करोड २४ लाख बजेट विनियोजन गरिएको छ ।

५०. सामाजिक विकास क्षेत्र अन्तरगत शिक्षा क्षेत्रमा रु. २४ करोड २५ लाख, स्वास्थ्यमा रु. ४ करोड १ लाख, सामाजिक सुरक्षा तथा संरक्षणमा रु. ९४ लाख र युवा तथा खेलकूदमा रु. १ लाख गरी कूल रु. २९ करोड २१ लाख विनियोजन गरिएको छ।

५१. पूर्वाधार विकास क्षेत्र अन्तरगत यातायात पूर्वाधारमा रु. १६ लाख विनियोजन गरिएको छ।

५२. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा प्रशासकीय सुशासनमा रू. ९ लाख विनियोजन गरिएको छ ।

५३. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत विशेष अनुदानमा प्रारम्भिक बालविकास केन्द्रमा खेल र डिजिटल सिकाइ सामग्री तथा आधारभूत विद्यालयमा पुस्तकालय र सिकाइ थलो व्यवस्थापन कार्यक्रमका लागि रु. ५० लाख प्राप्त हुने र समपूरक अनुदान तर्फ किहुँ मार्ग कालोपत्रे योजनामा रू. ५० लाख बजेट विनियोजन गरिएको छ।

५४. गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगत विशेष अनुदानमा थुम्की डाँडा खानेपानी योजनामा रु. ४० लाख प्राप्त हुने र समपूरक अनुदान तर्फ ऋषिङपाटन लदन आमडाँडा मोटरमार्ग निर्माणको लागि रू. १ करोड बजेट विनियोजन गरिएको छ ।

५५. संघीय सरकार तथा गण्डकी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानबाट प्राप्त रकम तोकिएकै शीर्षकमा खर्च गरिने छ । समपूरक अनुदानमा नगरपालिकाको तर्फबाट गरिनुपर्ने लागत सहभागिताका लागि प्रर्याप्त हुने गरी बजेट विनियोजन गरेको छु ।

५६. समग्रमा आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि आर्थिक विकास क्षेत्रमा रु. ३ करोड ३७ लाख ३० हजार, सामाजिक विकास तर्फ रु. ३४ करोड ६३ लाख २६ हजार ८ सय ७०, पूर्वाधार विकास तर्फ रु. १३ करोड ६७ लाख ५० हजार, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. १ करोड ३२ लाख २० हजार, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रु. १० करोड ८९ लाख ३० हजार गरी रु. ६३ करोड ८९ लाख ५६ हजार ८ सय ७० हुने अनुमान गरिएको छ । यस मध्ये चालू तर्फ रु. ४३ करोड

९८ लाख ५६ हजार ८ सय ७० अर्थात ६९ प्रतिशत र पूंजीगत तर्फ रु. १९ करोड ९१ लाख अर्थात ३१ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेटको स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

५७. आगामी आर्थिक वर्ष २०८०/०८१ मा अनुमान गरिएको कुल खर्च व्यहोर्ने स्रोत मध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु. ११ करोड २२ लाख, सशर्त चालू अनुदान रु. २८ करोड ५२ लाख, सशर्त पूंजीगत अनुदान रु. १ करोड १८ लाख, समपूरक अनुदान ५० लाख र विशेष अनुदान पुँजीगत रु. ५० लाख एवम् संघीय राजश्व बाँडफाँड बाट रु. ९ करोड ९९ लाख २९ हजार ७ सय गरी कुल रु. ५१ करोड ९१ लाख २९ हजार ७ सय आम्दानी हुने अनुमान गरिएको छ ।

५८. गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८०/०८१ का लागि वित्तीय हस्तान्तरण अन्तरगत समानीकरण अनुदान रु. १ करोड ४७ लाख १३ हजार, विशेष अनुदान पुँजीगत रु. ४० लाख, समपूरक अनुदान पुँजीगत रू. १ करोड, राजश्व बाँडफाँडबाट रु. २ करोड १ लाख ६ हजार गरी कूल रु. ४ करोड ८८ लाख १९ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

५९. आन्तरिक आम्दानी तर्फ घर जग्गा रजिष्ट्रेशनबाट रु. ५० लाख, स्थानीय राजश्व बाँडफाँड रु. १ करोड, आन्तरिक राजश्व रु. १ करोड ८० लाख र नगद मौज्दात रु. ३ करोड ८० लाख ८ हजार १ सय ७० गरी कूल रु. ७ करोड १० लाख ८ हजार १ सय ७० प्राप्त हुने अनुमान गरिएको छ ।

६०. यसरी यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा कुल आम्दानी रु. ६३ करोड ८९ लाख ५६ हजार ८ सय ७० हुने अनुमान गरिएको छ ।

६१. आम्दानी र खर्चका विस्तृत विवरणहरू अनुसूचीहरूमा समावेश गरिएको छ ।

६२. यो बजेटमा संघीय र प्रदेश सरकारबाट अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त हुने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य कार्यक्रमलाई समावेश गरिएको छैन ।

६३. सशर्त, समपुरक र विशेष अनुदान मार्फत आर्थिक वर्षको बिचमा प्राप्त हुने बजेटहरु सुत्र प्रणालीमा प्रविष्टि गरी भुक्तानी दिने व्यवस्था मिलाइएको छ ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८०/०८१ को लागि राजस्व नीति प्रस्तुत गर्न चाहन्छु ।

६४. नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायराको व्यापक उपयोग गर्ने नीति लिईनेछ।

६५. करका दरहरु समेत उल्लेख भएको आर्थिक विधेयक, २०८० तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८० समेत साथै पेश गरेको छु ।

सभाध्यक्ष महोदय,

६६. अर्थतन्त्रमा देखिएको मन्दी, विपद् तथा महामारीका कारण बजेट कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलमा असर पुऱ्याउन सक्छ । यस जोखिमलाई न्यूनीकरण गर्न विशेष सजगता अपनाइने छ । राजनैतिक दल, बुद्धिजिवी, निजी क्षेत्र, नागरिक समाज, शिक्षक, पत्रकार, राष्ट्रसेवक कर्मचारी लगायत सबै पक्षबाट बजेटको कार्यान्वयनमा योजनाबद्ध ढंगबाट लाग्यौ भने बजेटले लिएका उद्देश्य पूरा भई समृद्द नगर निर्माण गर्न सकिनेमा म विश्वस्त छु।

६७. बजेट तर्जुमा गर्दा मार्ग दर्शन गर्नु हुने संघीय र गण्डकी प्रदेश सरकार अन्तरगतका निकायहरू, माननीय सांसदज्यूहरु, श्रद्धेय नगर प्रमुखज्यू, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा सहितिका सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु लगायत सम्बन्धित सबै प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा रचनात्मक सुझाव दिने सम्बद्ध सबै पक्षहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । बजेट तर्जुमामा अहोरात्र खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा,

सम्पूर्ण नगरबासी बुवा-आमा, दिदी-बहिनी तथा दाजुभाईहरू लाई समृद्द नगर निर्माणको प्रयास र नगरवासीको जीवनस्तरमा उल्लेखनीय रूपमा परिवर्तन ल्याउन एकजुट हुन अनुरोध गर्दै बजेटको प्रभावकारी कार्यान्वयनमा रचनात्मक सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद ।

...........

शारदा खनाल
उपप्रमुख एवम् संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति

मितिः २०८० असार १० गते आइतबार